# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/१२

### सातौं अधिवेशन

### (चौथो वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको चौथो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नको लागि विशेष समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम विशेष समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय तारा लामा तामाङ्गलाई समय दिन्छु ।

**माननीय तारा लामा तामाङ्ग :–** माननीय सभामुखज्यू देश संविधानलाई अपव्याख्या गरी देशलाई अन्योलतातिर जाने गरी हाम्रो प्रधानमन्त्री के.पि. शर्मा ओली ज्यूले २०७७ साल पौष ५ गते संविधान मै व्यवस्था नभएको र संविधान बनाउदा संविधानको स्प्रिट संविधान सभाले संविधान बनाउदा संविधानको स्प्रिट पनि कार्यपालिकाको प्रमुखले जुन बेला आफुलाई व्यवस्थापिका संसद आफुल अनुकुल नभैराखेको जस्तो भयो भने जुनसुकै बेला पनि संसद विगठन गर्ने र जनताले निर्वाचित जनताको सार्वभौम सम्पन्न संविधान बमोजिम प्राप्त अधिकारले निर्वाचित सांसदहरु जहिले पनि व्यवस्थापिका जहिले पनि कार्यपालिका प्रति तर्सिएर बस्नु पर्ने विगतको स्थितिलाई सम्माननीय प्रधानमन्त्रीज्यूले जुन कदम चाल्नु भो त्यो कदमले संविधान बनाउदा खेरिका संविधान सभाका सदस्यज्यूहरु माननीयज्यूहरु, बुद्धिजिविहरु देशका सम्पूर्ण नागरिक समाजले सोचे भन्दा विपरित र अहिलेको संविधान भन्दा विपरित जुन काम गर्नु भा को थियो हिजो २०७७ साल फाल्गुन ५ गते सम्मानीत सर्वोच्च अदालतले जुन ब्याख्या गरियो ब्याख्या गरेर त्यो निर्णयलाई बदर गर्ने निर्णय सर्वोच्च अदालतबाट सुनाइयो यसले फेरी पनि संस्थागत रुपमाले लोकतान्त्रिक गणतन्त्रको संस्थागत भा को छ । सार्वभौम जनताको अधिकारलाई कटौती हुन बाट जोगिएको छ त्यसको लागि म नेपाल कम्प्यूनिष्ट पार्टी नेकपा संसदीय दलको तर्फबाट र व्यक्तिगत पनि यो कदमको स्वागत गर्न चाहान्छु । हामी सबै यसमा बधाईका पात्र हौ र यसले आगामी दिनमा अब जनआन्दोलन २ र जनयुद्धको बलमा र महान सहिदहरु जो अझै पनि यो संविधान सभाबाट संविधान प्राप्त गर्नको लागि अझै पनि बेपत्ता छन् । अझै पनि अंग भंग भएर बसेका छन् उहाहरु सबैको सम्मान भा को छ । यस कारणले हामी यो कदमको स्वागत गर्न चाहान्छौ र आगामी दिनमा कुनै पनि कार्यपालिका प्रमुखले कहि पनि कानूनको राज्य भन्दा आफुलाई अलग ठानेर कसैले पनि काम गर्ने छैन र हामी संविधान सभाको स्प्रिट सुनेको हुनाले र हामी प्रदेश सभाका सांसदहरु सहित हामीले पनि के प्रण

गर्नु पर्ने छ भने अब हामीले पनि हाम्रो ठाउँमा कानूनी राज्यको स्थापनाको लागि लाग्नलाई हामीलाई पनि प्रेरित भा को छ र अब हामीले हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई स्थापित गर्न सुदूरपश्चिम प्रदेश सभाले गर्ने काम र प्रदेश सरकारले गर्ने काममा अझ दत्त, चित्त र व्यवस्थित रुपले अगाडी बढ्न हामीले हाम्रो प्रदेश सभालाई अझ सशक्त रुपले अगाडी बढाउनु पर्छ र सरकारलाई पनि त्यही हिसाबले निर्देशित गर्नु पर्छ र हाम्रा समितिहरु जो समितिहरु बनेको छ यसलाई पनि अझ मिनि पारलियामेन्टकव रुपमा चिन्ने र समितिहरुलाई पनि अझ व्यवस्थित गरेर जनताको पक्षमा सुदुरपश्चिमको पक्षमा र संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा नियम कानूनहरु बनाउन अझ भूमिका खेल्ने गरी यो समितिहरुलाई पनि अझ राम्रो बनाउदै अगाडी बढ्ने कुरामा हामीलाई यसले पाठ सिकाको छ । सकिन्छ भने अझै समितिहरु बढाएर भए पनि हामी द्रुत गतिमा यो ३ बर्ष हामीले क्रस गरिसकेपछि अबको २ बर्षमा अझ व्यवस्थित रुपले काम गर्नुपर्ने छ र सरकारलाई पनि त्यही हिसाबले निर्देशित गर्दै अगाडी बढ्न म सम्माननीय अदालतले जो हिजो गरेको कदमले सम्पूर्ण नेपालीहरुको सीर ठाडो भा को छ त्यसको लागि पुन: बधाई दिदै धन्यवाद दिन चाहान्छु धन्यवाद ।

**माननीय रण बहादुर रावल :–** माननीय सभामुख महोदय, आजको यो हिजो भर्खर ११ गते सम्मानीयत सर्वोच्च अदालतबाट पौष ५ गते सम्माननीय प्रधानमन्त्रीजीको सिफारीसमा सम्माननीय राष्ट्रपतिज्यूले लालमोहर लगाएर जुन संघीय संसदको विगठन भो त्यस सन्दर्भमा हिजो संविधानको ब्यख्याकार सर्वोच्च अदालतले हिजो अवैधानिक हो यो निर्णय भनेर घोषणा गरेको छ । त्यस सन्दर्भमा नेपाली कांग्रेस संसदीय दल सुदूरपश्चिमको तर्फबाट सम्मानीत सर्वोच्च अदालतले गरेको निर्णय स्वागतयोग्य भएको हुनाले पूर्णतया स्वागत गर्न चाहान्छु । माननीय सभामुख महोदय, संविधान नेपालको संविधान २०७२ झण्डै झण्डै ७ दशक लामो संघर्ष पश्चात संविधान आएको हो । जनताका प्रतिनिधी मार्फत यो लेखिएको संविधान राष्ट्रको मुल कानूनको रुपमा छ । यसको प्रस्तावना देखि लिएर सबै तलका जति पनि भागहरु देखि लिएर हरेक ठाउँमा जनताबाट निहित अधिकार जनता साच्चीकै सार्वभौम सम्पन्न छन् भनेर प्रष्ट रुपले उल्लेख गरेको छ । नेपालको संविधान २०७२ को धारा १ मा पनि संविधानसँग कुनै बाझिएको सन्दर्भमा कुनै कुराहरु पनि आफ्नो अधिकार दुरुपयोग गरेको सन्दर्भमा त्यो अमान्य हुने छ भनेर प्रष्ट पनि छ । त्यसैले विभिन्न भागहरुमा बास्तवमा संविधानले प्रष्ट रुपमा भनेकै छ । जस्तो राज्यको संरचनाको सन्दर्भमा भाग-४ मा राज्यशक्तिको बाडफाडको सन्दर्भमा र धारा ५६ मा पनि प्रष्ट रुपले राज्यको संरचनाहरु संघीय संरचनाहरु प्रदेशको संरचना र ३ तहको विशेष गरी स्थानीय तहको संरचनाको बारेमा पनि प्रष्ट रुपले यो संविधानमा उल्लेख गरेको देखिन्छ । कसैको हाइआरकि कोहि माथि कोहि तल भन्दा पनि आ-आफ्नो अनुसूची जो संविधानमा प्रष्ट गरेका अनुसूची अनुसार संघीय सरकारलाई जिम्मेवारी के छ, प्रदेशलाई के छ, स्थानीयलाई के छ त्यस पछि साझा के के छन् यस बारे पनि यो संविधानले प्रष्ट बोलेको छ । त्यसैले यो कदमको सन्दर्भमा भाग ६ मा जो उल्लेख गरेको सम्माननीय राष्ट्रपतिज्यूबाट राष्ट्रपति स्वंय यो राष्ट्रको राष्ट्रध्यक्ष हो र समग्र नेपालको नेपालीको अभिभावक पनि हो त्यस कारण चाहि राष्ट्रपतिज्यूबाट सम्माननीय प्रधानमन्त्रीजीले जुन प्रक्रियागत पुर्याएर भाग ७ को ७६ मा टेकेर प्रस्ताव पेश गर्दा विगठन सम्बन्धीको सम्माननीय राष्ट्रपतिज्यूबाट मसि सुक्न नपाउदै जुन

निर्णयमा पुग्नु भो त्यो पनि हाम्रो गम्भिर प्रश्न यो देशमा उठेको छ । आज अन्तराष्ट्रिय जगतमा यो संविधानप्रति जसले चाहि अभिभावकत्व बोक्नु पर्ने त्यहाबाट पनि अभिभावकत्व भएन कमसेकम सल्लाह समेत भएन भन्दा खेरि बहुतै गम्भिर प्रश्नहरु उठेका छन् त्यहा त्यसैले यसै सन्दर्भमा अहिलेको यो कदमको बारेमा बास्तवमा हामीले शुरु देखि नै पौष ५ गते पछि बाहिर आइसके पश्चात नेपाली कांग्रेस संसदीय दल नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको तुरुन्तै निर्णय गरेर डे वान देखि नै यो असंवैधानिक कदम हो, यो अलोकतान्त्रिक कदम हो यसले सर्वसत्तावाद तिर अगाडी लम्क्याउछ, यसले अधिनायकवाद तिर बढी देशलाई अगाडी पुर्याउछ त्यस कारण यो स्वेच्छाचारी कदमको हामीले विरोध गरेका हौ । शुरु देखि तल केन्द्र देखि वडा लेवल सम्म पनि हामीले आफ्ना कार्यक्रमहरु जनतालाई सुसुचित गर्ने कुराहरु हामीले गयौं तर एउटा कुनै पनि ठाउँमा सम्मानीत अदालतलाई यो गर्नु पर्छ त्यो गर्नु हुन्न यो भयो भने यो हुन्छ त्यो भयो भने यो हुन्छ । यो भो भने आदीवेरी ल्याउछौ त्यो भयो भने देखि आन्दोलन छेड्छौ भन्ने खालको हामीबाट भएको थिएन त्यसैले सम्मानीत अदालत जसरी संविधानको बारेमा ब्याख्या गर्ने अधिकार छ त्यसलाई हामीले कुर्नु भनेकै थियौ । त्यसलाई हाम्रो केन्द्रीय सभापतिले पनि भनेकै थिए । त्यसैले यस सन्दर्भमा संविधानलाई सर्वोच्चले एक किसिमले ठाउँमा राखिदिएको छ अब यही सन्दर्भमा विशेष गरी यसबाट शिक्षा लिएर प्रदेश सरकारले पनि यहाँ जति पनि काम कारवाहीहरु भएका छन् । संविधान तह कति भए कि भएनन कत्तीको हामीले यो कानूनहरु यो व्यवस्थापिकाबाट पास भएका छन् तिनिहरु नियम संगत त्यसलाई सही ढंगले कार्यान्वयन गर्यौं कि गरेनौ यो अब गम्भिर तरिकाले माननीय सभामुख महोदय हामी सबैले अगाडी बढ्नु पर्छ जस्तो लाग्छ यसमा विशेष गरि प्रदेश सरकार गम्भिर भएर अगाडी बढ्नु नितान्त आवश्यकता देखिन्छ किन भने सुशासन विधेयक २०७५ पास भैसकेको छ । सुशासन विधेयक प्रमाणीकरण भैसकेको छ । त्यस अन्तरगतको कार्यान्वयनको सन्दर्भमा हामी बहुतै पछाडी छौ त्यसलाई लत्याइएको छ । यसमा प्रदेश सरकार चिन्तित भएन भने यसले पनि दुर्गामी प्रभाव पार्छ यसले दुर्घटना निम्त्याउछ जस्तो लाग्छ । माननीय सभामुख महोदय साथै अब यो नेकपाको मुख्य इस्यू भएको हुनाले यसले समग्र देशवासिलाई असर परेको हुनाले अब सुदूरपश्चिम सरकार रनभुल्ल भन्दा पनि आफ्नो जिम्मेवारीका साथ अहिले कतिवटा मन्त्रालय पनि खाली होलान कति वटा के पनि होलान त्यस सन्दर्भमा इमिडिएट भर्ती गरेर आफ्नो काम कारवाही अगाडी बढाएर संविधानत विधानतह अगाडी बढ्न मेरो अनुरोध छ । यदी यो भएन भने मलाई लाग्छ यदी त्यही गन्जागोलमा लाग्नु भो भने यसले जनताले दिएको, संविधानले दिएको अधिकारको दुरुपयोग ठानिने छ त्यसैले म माननीय सभामुख महोदय आजको यो कार्यक्रममा कमसेकम एउटा स्वागत गर्ने मौका पाए सभामुखज्यू मार्फत सबै सभासदज्यूहरुलाई र अर्को कुरा एउटा प्रदेश सरकारले प्रदेश सभा सँग जो संविधान तह प्रदेश सभा जननी भएको हुनाले जुन हिसाबले प्रदेश सभा अन्तरगतका मिनि पारलियामेन्टहरु समितिहरु छन् तिनिहरुलाई जुन हिसाबले हामीले गरिरहेका छन् अहिले बारम्बार हामीले उठाइपनि राखेका छौ त्यस कारण त्यसको व्यवस्थापन एउटा मिनि पारलियामेन्टले चाहाने आवश्यकता अनुसारको यो सरकारले त्यसको जिम्मेवारी बहन गरेर अगाडी बढोस त्यसको साथ साथै प्रदेश सभामा भाग लिएका जति पनि दल सत्तापक्ष किन नहोस प्रतिपक्ष दल किन नहोस यि तीन वटा दलहरु विशेष गरी नेकपा, नेपाली कांग्रेस र जनता समाजवादी पार्टीको तीन वटैको संसदीय दलका

कार्यालयहरु अहिले सम्म राम्रोसँग व्यवस्थापन हुन सकेको छैन त्यसलाई पनि त्यही ढंगले व्यवस्थापन गरेर अगाडी बढ्नमा म शुभकामना दिन चाहान्छु त्यसरी सरकार अगाडी बढोस साथै कानूनी राज्यको अवलम्बन भएको हामीले अनुभव गर्न पाउँ धन्यवाद शुभकामना ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** माथिको कारबाही शुरु हुन्छ ।

सभामुख महोदय, बास्तवमा अध्यादेश भनेको संवैधानिक रुपमा ल्याउने अधिकार छ सरकारलाई तर सदनलाई बाइपास गरेर अध्यादेश ल्याउनु उपयुक्त हुदैन सदन चलिराखेको बेला अध्यादेश ल्याउने भनेको यो अलोकतान्त्रिक प्रक्रिया हो जब संसद नचलेको अवस्थामा प्रदेशलाई आवश्यक कानून नभइ नहुने भएको खण्डमा अध्यादेश ल्याउनु पर्छ त्यो संविधानले व्यवस्था गर्या छ यो चोर बाटो बाट ल्याउने कुरा त्यो अवस्था छैन सदन चलेको छ र अध्यादेश ल्याइएको छ यसमा घोर आपत्तीको विषय हो र साथ साथै यो अध्यादेश जो ल्याएको छ बडा यो भास्ट पनि छ मैले सरसरती हेरे कृषि, सिंचाइ, जलस्रोत, आवास, उर्जा, उद्योग, शिक्षा, खानेपानी, पर्यटन, बन्यजन्तु, स्वास्थ्य, सरसफाई, संस्कृति, भाषा, रितिरिवाज, चाल चलन र पर्यावरण सम्बन्धी र जलबायु सम्बन्धीको यो धेरै ठुलो भास्ट रहेछ यो अझै पनि राम्रो सँग अध्ययन गर्न पाएको छैन र यो पारित हुनु भन्दा अगाडी यो मस्यौदा आउनु भन्दा अगाडी राम्रो सरोकारवाला बीज्ञहरुलाई राखेर गर्नुपर्ने जस्तो मलाइ लाग्छ किन भने यो मापदण्ड ऐन आइसकेपछी भोली समस्या आउन सक्छ त्यसैले यो छलफल नगरिकन स्वीकृतिको लागि भनेर आएको हुनाले हामी सबै सांसदहरु आश्चर्यमा पर्या छौ । यो स्वीकृति होइन सभामुख महोदय यसलाई ब्यापक रुपमा छलफल गरेर मात्र स्वीकृति गर्दा यो समय सापेक्ष हुन्छ भन्ने जिज्ञासा हो धन्यवाद ।

माननीय सदस्यज्यूको धारणा बुझियो यो अध्यादेश संसद नबसेको समयमा आएको र यसलाई प्रतिस्थापन गर्ने विधेयक आउदै छ यसलाई विशेष छलफल र बहस त्यसैमा हुन्छ म यहाहरुलाई त्यही जानकारी गराए ।

**माननीय सदस्यहरु,**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टले मिति २०७७/११/१० गतेको सातौं अधिवेशनको तेश्रो वैठकमा पेश गरेको **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** उपर सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ९५ को उपनियम (१) बमोजिम कुनै पनि माननीय सदस्यहरुको अध्यादेश अस्वीकार गर्ने प्रस्ताव दर्ता हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ९५ को उपनियम (४) बमोजिम **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण**

**सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** लाई स्वीकृत गरियोस् भनी सभामा प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** स्वीकृत गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ९५ को उपनियम (४) बमोजिम सभामा प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश** "लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास समितिका सभापति माननीय कुन्ति जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सर्वप्रथम त सातौ अधिवेशनको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय पुष १५ को संघीय संसद विगठनको दुइ शब्द बोल्ने अनुमति चाहान्छु । माननीय सभामुख महोदय, पुष १५ को संघीय संसद विगठन पश्चात जनतामा आएको निरासालाई सम्मानीत सर्वोच्च अदालतको निर्णयले संसद पुनरवाहालीले देशलाई, जनतालाई खुशी छाएको छ । इतिहासमा गल्तीको पुनरावृत्ती हुदैन हुने छैन नेपालका सबै राजनैतिक दलहरुलाई न्यायप्रेमी जनताले र सम्मानीत अदालतले सजक बनाएको छ । सम्मानीत अदालतको निर्णयलाई सम्मानका साथ हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । स्याल्युट गर्न चाहान्छु सुदूरपश्चिम बासिको तर्फबाट ।

माननीय सभामुख महोदय प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०६७ छलफलका लागि सामाजिक विकास समितिमा आएको थियो उक्त विधेयकलाई हाम्रो सामाजिक समितिको तर्फबाट दफावार छलफल गरी तयार पारिएको प्रतिबेदनलाई पढेर सुनाउने अनुमति चाहान्छु ।

माननीय सभामुखज्यू, मिति २०७७।११।०५
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषयः– प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।०४।२७ गते बसेको छैटौं अधिवेशनको २८औं बैठकको निर्णय अनुसार प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो । सामाजिक विकास समितिमा उक्त विधेयक माथि २०७७/०७/१९
गते समितिको ६६औं बैठकमा छलफलको कार्य प्रारम्भ भई ७७औं बैठकसम्म विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरी तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिवेदन पेश गरेका छौं ।

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सम्वन्धीत विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

**देहायः-**

१. माननीय दिव्यश्वरी शाह - सदस्य
२. माननीय मान बहादुर सुनार – सदस्य
३. माननीय कर्ण वहादुर मल्ल –सदस्य
४. माननीय लाल बहादुर खड्का –सदस्य
५. माननीय टेक बहादुर रैका –सदस्य
६. माननीय नन्द बहादुर साउँद –सदस्य
७. माननीय शुशिला बुढाथोकी –सदस्य
८. माननीय गेल्बु सिंह बोहरा –सदस्य
९. माननीय दुर्गा कुमारी कामी –सदस्य
१०. माननीय माया तामाङ्ग बोहरा –सदस्य

<u>विशेष आमन्त्रीत</u>

११. माननीय सामाजिक विकास मन्त्री कृष्णराज सुबेदी

## तपशिलः-

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| सि.न. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | विधेयकको शिर्षकमा | प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ । | **सुदूरपश्चिम** प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, **२०७७।** | विधेयकमा **प्रदेशको नाम र साल** स्पष्ट पारिएको। |
| २ | दफा १ को उपदफा (१) मा | (१) यस ऐनको नाम "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६" रहेकोछ । | (१) यस ऐनको नाम "**सुदूरपश्चिम** प्रदेश बालबालिका सम्बन्धी ऐन, **२०७७**" रहेको छ। | **प्रदेशको नाम साल** स्पष्ट पारिएको। |
| ३ | दफा २ को उपदफा (क) मा | (क)"असहाय,अनाथ र अपांगता भएका बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका असहाय, अनाथ र अपांगता भएका बालबालिका सम्झनुपर्छ। | **(क)** "असहाय, अनाथ र अपांगता भएका बालबालिका, **दन्द्वपिडित सडक बालबालिका"** भन्नाले प्रचलित कानून बमोजिमका असहाय, अनाथ र अपांगता भएका बालबालिका **सम्झनुपर्दछ**। | **दन्द्वपिडित सडक बालबालिका** थप गर्न उपयुक्त भएको र **सम्झनुपर्छ** को सट्टा **सम्झनुपर्दछ** शब्द राख्न उपयुक्त भएकोले। |
| ४ | दफा २ को उपदफा (ख) मा | (ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ। | (ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम **सम्झनुपर्दछ**। | **सम्झनुपर्छ शब्द**को सट्टा **सम्झनुपर्दछ शब्द** राख्न उपयुक्त भएकोले । |
| ५ | दफा ४ को उपदफा (१०) मा | (१०) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने | (१०) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको | **हुँदैन शब्द**को सट्टा **पाइने छैन शब्द** राख्न उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | गरी नाम थर परिवर्तन गर्न **हुँदैन**। | पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न **पाइने छैन** । | भएकोले । |
| ६ | दफा ५ को उपदफा (१) मा | (१) कुनैपनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव **गरिने छैन।** | (१) कुनैपनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव **गर्न पाइने छैन।** | **गरिने छैन** शब्दको सट्टा **गर्न पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |
| ७ | दफा ५ को उपदफा (२) मा | (२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा छोरा र छोरी, छोरा-छोरा वा छोरी- छोरी बीच कुनै भेदभाव गर्न **हुँदैन**। | (२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा छोरा र छोरी, छोरा-छोरा वा छोरी- छोरी बीच कुनै भेदभाव गर्न गर्न **पाइने छैन**। | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले । |
| ८ | दफा ५ को उपदफा (४) मा | (४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनुअघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा कुनै भेदभाव गर्नु **हुँदैन।** | (४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनुअघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारमा कुनै भेदभाव गर्न **पाइने छैन**। | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |
| ९ | दफा ६ को उपदफा (१) मा | (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु आमाबाट भिन्न वा अलग गर्नु **हुँदैन**। | (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु आमाबाट भिन्न वा अलग गर्नु **पाइने छैन** । | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |
| १० | दफा ६ को उपदफा (२) मा | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल | **मनासिब माफिकको** शब्दको ठाउँमा **बालबालिकाको इच्छा अनुसार** शब्द राख्न |

| | | | | |
|---|---|---|---|---|
| | | अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ। तर त्यसरी आदेश दिनुअघि **मनासिब माफिकको** सफाईको मौका दिनु पर्नेछ। | अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ। तर त्यसरी आदेश दिनुअघि **बालबालिकाको इच्छा अनुसार** सफाईको मौका दिनु पर्नेछ। | उपयुक्त भएकोले । |
| ११ | दफा ७ को उपदफा (४) मा | (४) प्रत्येक बालबालिकालाई प्रदेश सरकारबाट उचित संरक्षण पाउने अधिकार हुनेछ। | (४) प्रत्येक बालबालिकालाई प्रदेश सरकार र **स्थानीय तह**बाट उचित संरक्षण पाउने अधिकार हुनेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले। |
| १२ | दफा ७ को उपदफा (५) मा | (५) अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि प्रदेश सरकारबाट विशेष संरक्षण पाउने अधिकार हुनेछ। | (५) अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि प्रदेश सरकार र **स्थानीय तह**बाट विशेष संरक्षण पाउने अधिकार हुनेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले । |
| १३ | दफा ७ को उपदफा (९) मा | (९) कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन **हुँदैन**। | (९) कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन **पाइने छैन**। | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |
| १४ | दफा ७ को उपदफा (१०) मा | (१०) बालबालिकालाई घरेलु कामदार, कमलरी वा यस्तै अन्य प्रकारले श्रम शोषण हुने कार्यमा प्रयोग गर्नु **हुँदैन**। | (१०) बालबालिकालाई घरेलु कामदार, कमलरी वा यस्तै अन्य प्रकारले श्रम शोषण हुने कार्यमा प्रयोग गर्नु **पाइने छैन**। | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| **१५** | दफा ७ को उपदफा (११) मा | (११) प्रदेश सरकार र स्थानीयतहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्बन गर्न मापदण्ड बनाई लागू गर्न **सक्नेछन्**। | (११) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्बन गर्न मापदण्ड बनाई लागू **गर्नु पर्नेछ**। | **गर्न सक्नेछन्** शब्दको सट्टा **गर्नु पर्नेछ** शब्द राख्न उपयुक्त भएकोले। |
| **१६** | दफा ८ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिम निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान **दिइनेछ**। | (२) उपदफा (१) बमोजिम निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान **दिनुपर्नेछ**। | **दिइनेछ** शब्दको सट्टा **दिनुपर्नेछ** शब्द राख्न उपयुक्त भएकोले । |
| **१७** | दफा १० को उपदफा (७) मा | | **(७) बालक्लव र बालबालिका सम्बन्धीत काम गर्ने संस्थाहरु बालबालिकाको सर्वोत्तम हितमा केन्द्रित भएर सक्रिय रहनुपर्नेछ।** | दफा (१०) मा उपदफा **(७)** थप गर्न उपयुक्त भएकोले। |
| **१८** | दफा ११ को उपदफा (२) मा | (२) कसैलेपनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो, सृजना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन,बिक्री वितरण वा कुनैपनि माध्यमबाट प्रवाह गर्न वा गराउन **हुँदैन**। | (२) कसैलेपनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो, सृजना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन,बिक्री वितरण वा कुनैपनि माध्यमबाट प्रवाह गर्न वा गराउन **पाइने छैन**। | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले। |
| **१९** | दफा ११ को उपदफा (३) मा | (३) बाल अदालत ,प्रहरी कार्यालय,संरक्षक,अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नामथर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक | (३) बाल अदालत ,प्रहरी कार्यालय,संरक्षक,अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नामथर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक | **गरिनु हुदैन** शब्दको सट्टा **गर्न पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरणगोप्य राख्नुपर्नेछ। यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग **गरिनु हुँदैन** । | पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्नेछ। यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग **गर्न पाइने छैन** | |
| २० | दफा १२ को उपदफा (४) मा | (४) प्रदेश सरकारले अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको प्रकार अनुरूपका सहयोगी सामग्री एवं शैक्षिक सामग्री प्रदान गर्ने र आवश्यकता अनुसार ब्रेललिपि, साङ्केतिक भाषा वा अन्य कुनै माध्यमबाट शिक्षा उपलब्ध गराउनु पर्नेछ। | (४) प्रदेश सरकार **र स्थानीय तह**ले अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको प्रकार अनुरूपका सहयोगी सामग्री एवं शैक्षिक सामग्री प्रदान गर्ने र आवश्यकता अनुसार ब्रेललिपि, साङ्केतिक भाषा वा अन्य कुनै माध्यमबाट शिक्षा उपलब्ध गराउनु पर्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले। |
| २१ | दफा १५ को उपदफा (४) मा | (४) असहाय, अनाथ, अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिका लाई प्रदेश सरकारबाट माध्यमिक तहसम्म निःशुल्क आबासिय शिक्षा वा छात्रवृत्ति **प्राप्त गर्ने अधिकार हुनेछ।** | (४) असहाय, अनाथ, अपाङ्गता, **दन्द्वपिडित** भएका तथा जोखिममा रहेका बालबालिका लाई प्रदेश सरकार र **स्थानीय तह**बाट माध्यमिक तहसम्म निःशुल्क आबासिय शिक्षा वा छात्रवृत्ति**को व्यवस्था गर्नुपर्नेछ।** | **दन्द्वपिडित, स्थानीय तह** थप गर्न उपयुक्त देखिएको र **प्राप्त गर्ने अधिकार हुनेछ** शब्दको ठाउँमा छात्रवृत्ति**को व्यवस्था गर्नुपर्नेछ** शब्द राख्न उपयुक्त भएकोले। |
| २२ | दफा १७ को उपदफा (४) मा | (४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक | (४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | विकासमा असर पर्ने गरी श्रम गराउनु **हुँदैन** । | विकासमा असर पर्ने गरी श्रम गराउनु **पाइने छैन** । | |
| २३ | दफा १७ को उपदफा (५) मा | (५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन **हुँदैन**। | (५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन **पाइने छैन।** | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले । |
| २४ | दफा १८ को शिर्षक र उपदफा (१) मा | **प्रदेश सरकारको दायित्वः-** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश सरकारको दायित्व हुनेछ। | **प्रदेश सरकार र स्थानीय तहको दायित्वः-** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश सरकार र **स्थानीय तह**को दायित्व हुनेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त देखिएको । |
| २५ | दफा १८ को उपदफा (२) मा | (२) भौगोलिक विकटता, आर्थिक वा सामाजिक कारण, अपाङ्गता वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश सरकारले सञ्चालन **गर्नेछ**। | (२) भौगोलिक विकटता, आर्थिक वा सामाजिक कारण, अपाङ्गता वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश सरकार र **स्थानीय तहले आवासिय विद्यालय** सञ्चालन **गर्नुपर्नेछ।** | **स्थानीय तह र आवासिय विद्यालय** थप गर्न उपयुक्त भएको र **गर्नेछ** शब्दको ठाउँमा **गर्नुपर्नेछ** शब्द राख्न उपयुक्त भएकोले । |
| २६ | दफा १८ को उपदफा (३) मा | (३) बालबालिकाको हकहितको संरक्षण र प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। | (३) बालबालिकाको हकहितको संरक्षण र प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार र **स्थानीय तहले** आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| २७ | दफा १८ को उपदफा (४) मा | (४) तोकिएको वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाको लागि आवश्यक्तानुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायत शिक्षा सम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश सरकारले मिलाउनु पर्नेछ । | (४) तोकिएको वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाको लागि आवश्यत्तानुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायत शिक्षा सम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश सरकार र **स्थानीय तह**ले मिलाउनु पर्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले । |
| २८ | दफा २१को उपदफा (४) मा | (४) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सहयोग आवश्यक भएमा प्रदेश सरकारले तोकिए बमोजिम निश्चित मापदण्ड बनाई आर्थिक सहयोगको व्यवस्था गर्न सक्नेछ। | (४) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सहयोग आवश्यक भएमा प्रदेश सरकार र **स्थानीय तह**ले तोकिए बमोजिम निश्चित मापदण्ड बनाई आर्थिक सहयोगको व्यवस्था गर्न सक्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त भएकोले । |
| २९ | दफा २९को उपदफा (१) मा | (१) बालगृहमा रहेका कुनै बालबालिकालाई अठार वर्ष उमेर पूरा गरिसकेपछि पनि विशेष संरक्षण गर्न आवश्यक देखिएमा त्यस्ता व्यक्तिलाई संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार संरक्षण गृह स्थापना गर्न सक्नेछ। । | (१) बालगृहमा रहेका कुनै बालबालिकालाई अठार वर्ष उमेर पूरा गरिसकेपछि पनि विशेष संरक्षण गर्न आवश्यक देखिएमा त्यस्ता व्यक्तिलाई संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकार र **स्थानीय तह**ले आवश्यकता अनुसार संरक्षण गृह स्थापना गर्न सक्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त देखिएको । |
| ३० | दफा ३१ को उपदफा (१) को क्रमसंख्या (२) , (३) र (८) थप गरि साविकको क्रमसंख्या १० लाई | | **(२) राज्यमन्त्री -सदस्य**<br><br>**(३) सहायक मन्त्री -सदस्य**<br><br>(८) **प्रदेश निति तथा योजना आयोग सम्बन्धीत क्षेत्र हेर्ने -सदस्य** | क्रमसंख्या २ र ३ लाई क्रमसंख्या ४ र ५ बनाई क्रमसंख्या २ र ३ थप गरी क्रमसंख्या २ मा **राज्य मन्त्रीलाई सदस्य- थप** र क्रमसंख्या ३ मा **सहायक** |

| | | | | |
|---|---|---|---|---|
| | क्रमसंया १३ मा | (१०) एक जना महिला रहने गरी बालबालिकाको क्षेत्रमा काम गर्ने नागरिक समाज वा गैससका प्रतिनिधि मध्येबाट **दुई** जना - सदस्य | (१३) **दुई** जना महिला **समावेशी आधार** रहने गरी बालबालिकाको क्षेत्रमा काम गर्ने नागरिक समाज वा गैससका प्रतिनिधि मध्येबाट **३(तिन)** जना — सदस्य । | **मन्त्रीलाई सदस्य- थप**,साविकको क्रमसंख्या ६ लाई क्रमसंख्या ९ बनाई क्रमसंख्या ८ थप गरी प्रदेश निति तथा योजना आयोगलाई-सदस्य थप गर्दा उपयुक्त भएको र साविकको क्रमसंख्या १० लाई क्रमसंख्या १३ बनाइ दुई जना महिला समावेशी आधार रहने गरी एक सदस्य थप गर्न उपयुक्त भएकोले। |
| **३१** | दफा ४१ उपदफा (क) मा | (क) धुम्रपान, मद्यपान र जुवा तास जस्ता कुलतमा संलग्न गराउने, | (क) धुम्रपान, मद्यपान र जुवा तास **खेल्ने, खेलाउने** जस्ता कुलतमा संलग्न गराउने | **खेल्ने, खेलाउने** शब्द थप गर्न उपयुक्त हुने भएकोले । |
| **३२** | दफा ४१ को उपदफा (छ) मा | (छ) लागूऔषध, धूम्रपान, मद्यपान वा मनोद्दीपक पदार्थको उत्पादन, बिक्री वितरण, भण्डारण, उपभोग वा ओसारपसार गर्ने वा गर्न लगाउने, | (छ) लागूऔषध, धूम्रपान, मद्यपान वा मनोद्दीपक **(मनलाई उत्येजित गर्ने नसालु पदार्थ)** पदार्थको उत्पादन, बिक्री वितरण, भण्डारण, उपभोग वा ओसारपसार गर्ने वा गर्न लगाउने, | मनोद्दीपक(**मनलाई उत्येजित गर्ने नसालु पदार्थ)** शब्दको अर्थ प्रष्ट पारिएको । |

| | | | | |
|---|---|---|---|---|
| **३३** | दफा ४१ को उपदफा (ञ) मा | (ञ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने, | (ञ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला, **प्रलोभन** वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने, | **प्रलोभन** शब्द थप गर्न उपयुक्त हुने भएकोले। |
| **३४** | दफा ४५ को उपदफा (१) मा | (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन प्रदेश सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ। | (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन प्रदेश सरकार र **स्थानीय तह**ले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त हुने भएकोले। |
| **३५** | दफा ४५ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेश सरकारले अस्थायी संरक्षण सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ र यस सम्बन्धमा त्यस्तो सेवा उपलब्ध गराउने अन्य संस्था वा निकायका बालगृहलाई समेत प्रयोग गर्न सक्नेछ। | (२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेश सरकार र **स्थानीय तह**ले अस्थायी संरक्षण सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ र यस सम्बन्धमा त्यस्तो सेवा उपलब्ध गराउने अन्य संस्था वा निकायका बालगृहलाई समेत प्रयोग गर्न सक्नेछ। | **स्थानीय तह** थप गर्न उपयुक्त हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ३६ | दफा ४७ को उपदफा (१) मा | (१) बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रुपमा पुनर्स्थापना गराउनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ। | (१) बालबालिका बिरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रुपमा पुनर्स्थापना गराउनको लागि प्रदेश सरकार **स्थानीय तहसंग समन्वय गरी** आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ। | **स्थानीय तहसंग समन्वय गर्ने** थप गर्न उपयुक्त हुने भएकोले। |
| ३७ | दफा ५० को उपदफा (१) मा | (१) कसैलेपनि बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनैपनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न **हुदैन**। | (१) कसैलेपनि बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनैपनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न **पाइने छैन।** | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोले । |
| ३८ | दफा ५० को उपदफा (१) मा | (२) कसैलेपनि बालबालिका बिरुद्धका हिंसा वा बालयौन दुर्व्यवहार पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनैपनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्नु **हुँदैन**। | (२) कसैलेपनि बालबालिका बिरुद्धका हिंसा वा बालयौन दुर्व्यवहार पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनैपनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्नु **पाइने छैन।** | **हुदैन** शब्दको सट्टा **पाइने छैन** शब्द राख्न उपयुक्त भएकोल । |

| | | | | |
|---|---|---|---|---|
| **३९** | दफा ५१ को उपदफा (२) मा | (२) उपदफा (१) बमोजिम कानुन व्यवसायी माग गर्ने व्यक्तिले स्थानीय तहबाट आर्थिक रुपमा विपन्नताको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ । | (२) उपदफा (१) बमोजिम कानुन व्यवसायी माग गर्ने व्यक्तिले स्थानीय तहबाट आर्थिक रुपमा विपन्नताको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ **र मन्त्रालयद्वारा निवेदन माथि आवश्यक छानविन गरी प्राप्त हुने सेवा सुविधा सम्बन्धीत स्थानीय तह मार्फत उपलब्ध गराउनु पर्नेछ।** | पिडित पक्षलाई कानुनी सहायताका लागि प्राप्त हुने आर्थिक सुविधा समेत स्थानीय तह मार्फत उपलब्ध गराउन उपयुक्त र सहज हुने भएकाले । |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने विषयहरु सुदूरपश्चिम प्रदेश बालबालिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,२०७६ मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पु-याउँनु हुने भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यू, सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

प्रस्तुतकर्ताः-
माननीय कुन्ती जोशी
सभापति
सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
मिति २०७७।११।०५

**माननीय सदस्यहरु,**

**"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल फाल्गुन १४ गते शुक्रबार दिउँसो ०१:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।